क्षयरोग संस्था

विगत

र

वर्तमान

लेखक : बाबुकाजी सा:छें श्रेष्ठ

क्षयरोग संस्था विगत र वर्तमान

संस्करण : प्रथम २०७७

प्रकाशन मिति : २०७७ फागुन/ने.सं. ११४१ सिला

प्रकाशन संख्या : ५०० प्रति

सर्वाधिकार@ : लेखकमा सुरक्षित

प्रकाशक : मालेकुले, थिमि

मूल्य : ५०।- (पचास रुपैयाँ)

सम्पर्क नं. : ९८४१२२३०३३
ईमेल : babukaji2022@gmail.com

मुद्रक : स्वस्तीक प्रिन्टिङ्ग प्रेस, सूर्यविनायक न.पा.-४, दधिकोट, भक्तपुर

मेरा कुरा

समाजमा विद्यमान रहेको र नेपाल सरकारले पनि जनस्वास्थ्य समस्याको रुपमा लिइरहेको क्षयरोगलाई न्यूनिकरण वा निवारण गर्ने उद्देश्यले क्षयरोग नियन्त्रण अभियानमा क्रियाशील भइरहँदा नेपाल क्षयरोग निवारण संस्था जिल्ला शाखा भक्तपुरको पूर्व सभापतिको हैसियतले आफ्नो अनुभवको आधारमा मेरा कुरा राख्ने जमर्को गरेको छु ।

संस्थामा प्रवेशसँगै कोषाध्यक्ष, सचिव, सभापति र निवर्तमान सभापतिको जिम्मेवारी सम्हालेको अवस्थामा भक्तपुरमा क्षयरोग नियन्त्रण अभियानमा भइरहेका गतिविधि, समस्या र चुनौति अनि सम्बन्धित निकायहरुसँगको सहकार्यता लगायत विभिन्न क्रियाकलापहरु गर्ने क्रममा केही लेखहरु विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशन गर्ने मौका पाएको थिएँ । उक्त लेख रचनाहरुलाई संकलन गरी तपाईहरु सामु एउटा पुस्तकको रुपमा अर्पण गर्न चाहन्छु ।

लेख-रचनामा सहयोग गर्नुहुने संस्थाका निवर्तमान सभापति राम सिख्व:, पूर्व सचिव राजेश्वरी शिल्पकार, उत्प्रेरणा दिनुहुने स्वास्थ्य मन्त्रालयका पूर्व उपसचिव लिलाराज पौडेल, पूर्व स्वास्थ्य सचिव स्व. शान्तबहादुर श्रेष्ठ, जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरका पूर्व क्षयकुष्ठ अधिकृत जनककुमारी ढकाल, राष्ट्रिय क्षयरोग केन्द्रका योजना अधिकृत अनिल थापा, समाजसेवी गोकुल बस्नेत, कार्यालय सचिव हिरण्य प्रताप सांगामी, सुमन श्रेष्ठ र सुरेश ख्वाक: श्रेष्ठलाई यस पुस्तक मार्फत हृदयदेखि आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु । साथै पुस्तकलाई सम्पादन गर्नुहुने शिक्षक, सञ्चारकर्मी एवं मध्यपुर सञ्चार समाजका उपाध्यक्ष सागर गुरागाईंज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै पुस्तक छपाई तथा सहयोग गर्ने स्वस्तिक प्रिन्टिङ्ग प्रेस, मध्यपुर थिमि परिवारलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्तमा यो पुस्तकले क्षयरोग र नेपाल क्षयरोग निवारण संस्था भक्तपुरको बारेमा नयाँपिढीहरुले पनि जानकारी पाउँन् भन्ने आशा लिएको छु । क्षयरोग नियन्त्रण अभियानमा हामी सबै एकजूट भएर लागौं ।

- बाबुकाजी सा:छो श्रेष्ठ

विषय सूची

क.सं.	विषय	पेज
१.	क्षयरोग संस्थाको विगत र वर्तमान	५
२.	क्षयरोग के हो ?	११
३.	क्षयरोग संस्था र ओत्सुका	१७
४.	रोग एक, जानकारी अनेक	२१
५.	क्षयरोग नियन्त्रणमा भक्तपुरको सफलता	३५
६.	आयो है कोरोना	३८
७.	मध्यपुर थिमि र कोराना भाइरस	३९
८.	कोरोनाले रुवाउँदै छ	४३

क्षयरोग संस्थाको विगत र वर्तमान

भक्तपुर जिल्लामा पुरानो संस्था मध्ये पर्दछ नेपाल क्षयरोग निवारण संस्था भक्तपुर । यस संस्था भक्तपुरमा स्थापना हुनुमा थुप्रै कारणहरु मध्ये मुख्यतया समुदायमा रहेको क्षयरोगलाई न्यूनिकरण गर्ने नै हो । यस संस्था स्थापना गर्न विगतमा भक्तपुरका सामाजिक युवाहरुको जोश, जाँगर र साहसलाई हामीले सलाम गर्नै पर्छ र उहाँहरुलाई सम्झनै पर्छ । नेपाल क्षयरोग निवारण संस्था केन्द्र स्थापना भएको २६ वर्षपछि मात्रै भक्तपुर शाखा स्थापना गरिएको थियो । जुन आजसम्म अर्थात ४० वर्षसम्म निरन्तर चलिरहेको छ । बि.सं. २०३६ साललाई नियालेर हेर्ने हो भने देशमा पञ्चायती व्यवस्था थियो । देशमा राजनैतिक, मौलिक हक र वाक्स्वतन्त्रता थिएन । उक्त समयमा पञ्चायती व्यवस्थाको विरुद्धमा विद्यार्थी आन्दोलन चलिरहेको थियो । त्यस्तो विषम परिस्थितिमा पनि भक्तपुरकै जेठो अस्पताल भक्तपुर अस्पतालमा कार्यरत तात्कालीन सुपरिन्टेण्डेन्ट डा. तिर्थ राणाको सभापतित्वमा नेपाल क्षयरोग निवारण संस्था भक्तपुर शाखा विधिवत् रुपमा २०३६ साउन १५ गते स्थापना भएको थियो । संस्था स्थापना गर्नु हुने सभापति डा. तिर्थ राणा, उपसभापति गणेशप्रसाद गिरी, सचिव त्रिभुवनप्रसाद राजभण्डारी, कोषाध्यक्ष कृष्णगोपाल श्रेष्ठ, सहायक सचिव धनमान श्रेष्ठ रहनु भएको थियो । उक्त कार्यसमितिका सदस्यहरुमा भैरव रिसाल, नरेन्द्रभक्त हाडा, गोपालकृष्ण श्रेष्ठ, नरेन्द्र कर्माचार्य, सरस्वती बनेपाली, टिकाबहादुर खड्का, बाबुराजा जोशी,

डा. कृष्णबहादुर कर्माचार्य, डा. अशोकानन्द मिश्र रहेका थिएँ । त्यस्तै गरी संस्थालाई संस्थागत विकासमा भवन निर्माणदेखि आर्थिक रुपमा पनि सम्पन्न पुऱ्याउने कार्यमा योगदान गर्ने धनमान श्रेष्ठ, विष्णुप्रसाद लिवि, तुईलाल श्रेष्ठ, बालमुकुन्द बासुकला, महेन्द्रलाल कायस्थ, राम सिख्वः, भवन निर्माण संयोजक कैलास श्रेष्ठलगायतका व्यक्तित्वहरुलाई पनि हामीले सम्झनु पर्ने हुन्छ । संस्थालाई केन्द्रसम्म पहुँच पुऱ्याउन सफल भएका पूर्व महासचिव धनमान श्रेष्ठ, केन्द्रीय सदस्य तथा पूर्व सहकोषाध्यक्ष महेन्द्रगोपाल कर्माचार्यलगायतको भूमिका प्रशंसनीय रहेको छ ।

ऐतिहासिक नगरी भक्तपुरमा तात्कालिन कार्यसमितिका सम्पूर्ण पदाधिकारी एवं सदस्यहरुले संस्थालाई अघि बढाउनको निम्ति धेरै संघर्ष गर्नु परेको थियो । एकातिर पञ्चायती व्यवस्थाको विरुद्धमा विद्यार्थी आन्दोलन भइरहँदा अर्कोतिर समुदायमा फैलिरहेको क्षयरोगलाई कसरी न्यूनिकरण गर्ने भन्ने चिन्ता त्यसवेलाका अग्रजहरुमा हुने गर्दथ्यो । संस्थाको कार्यालय थिएन । कार्यक्रम गर्नको लागि बजेटको अभावका साथै सामाजिक रुपमा परिवर्तन गर्न साऱ्है गाह्रो भएको अवस्था थियो । यद्यपी आफ्नो लक्ष्य प्राप्तिका लागि निरन्तर अघि बढिरहेको संस्था हो नेपाल क्षयरोग निवारण संस्था भक्तपुर ।

संस्थाभित्र समय समयमा धेरै उत्तारचढाब नआएको पनि होइन, राजनीतिक रुपमा होस या सामाजिक रुपमा पनि धेरै चुनौति आएका थिए । चुनौतिका बाबजुद् पनि एकाकार हुँदै संस्थालाई क्रियाशील बनाउन सफल भएका थिएँ ।

शुरुमा संस्थाका सभापति डा. तिर्थ राणाले आफ्नै भक्तपुर अस्पताल

परिसरभित्र एउटा कोठाबाट क्षयरोग नियन्त्रण अभियान थाल्नु भएको थियो । जनसमुदायलाई जनचेतना जगाउन अभिमुखीकरणलगायत प्रचार प्रसार एवं विभिन्न कार्यक्रम अगाडि बढेको देखिन्छ । त्यसबेलादेखि जनमानसमा क्षयरोग लागेमा पनि उपचार हुन्छ भन्ने चेतना फैलिएको देखिन्छ । त्यसवेला क्षयरोगलाई रोकथाम गर्न विभिन्न डाक्टरहरुले केही समयसम्म आफूले सकेको सेवा गरेका थिए ।

क्षयरोगी विरामीहरुलाई नियमित औषधी खुवाउने व्यवस्था पहिलो पटक भक्तपुरमा यही संस्थाले शुरु गरेको थियो । औषधी नियमित रुपमा नटुटाई खानु पर्ने भएकोले संस्थाले होम भिजिटरको व्यवस्था गरी जनसमुदायलाई औषधी खाने सहज वातावरण बनाइएको थियो । किनकी क्षयरोगका विरामीहरुलाई कुनैपनि समस्या नआओस् भन्ने उद्देश्य थियो । त्यसवेला होम भिजिटरहरु न्हुछेकुमार त्वाय्ना र हिरण्यप्रताप सांगामीले संस्थाको उद्देश्य र लक्ष्य अनुरुप संस्थामा सेवा गरेका थिएँ । हिरण्य प्रताप सांगामीले अहिले (३४ वर्ष)सम्म संस्थामा सेवा गरिरहनु भएको छ ।

बि.सं. २०४३/४४ सालतिर भक्तपुर त्यतिवेला साक्षरताको स्तर उन्नति गर्न र क्षयरोगको बारेपनि सचेतना जगाउन संस्थाले जिल्ला शिक्षा कार्यालय भक्तपुर मार्फत प्रौढ कक्षा संचालन गरी भक्तपुरका जनतालाई साक्षरता गर्नमा उचित योगदान गरेका थिए ।

विगतमा अग्रजहरुले क्षयरोग संस्थालाई संस्थागत विकास गर्न जिल्ला विकास समितिको सहयोगमा भक्तपुरमै आफ्नो भवन बनाउन सफल भएका थिए । त्यतिमात्र होइन विभिन्न सहयोगदाताहरुको सहयोगमा

संस्थाको भवनलाई पहिला एक तल्ला मात्र भएकोमा दुई तल्ला बनाउन सफल भएको थियो ।

नेपालमा पहिलो पटक डट्स विधि लागु हुँदा चार जिल्ला मध्ये भक्तपुर पनि थियो । पहिलो पटक डट्स विधि लागु भइरहेको अवस्थामा संस्थाको क्रियाशीलताले गर्दा भक्तपुर ८५ प्रतिशत क्षयरोगी विरामीहरु निको पार्न सफल भएको थियो । त्यही सफलताको कारणले "दिक्षादक्ष टि.बी. एवार्ड"द्वारा भक्तपुरलाई सम्मान गरिएको थियो । ती डट्स क्लिनिकलाई व्यवस्थित गर्न संस्थाकै तात्कालीन सभापति तुईलाल श्रेष्ठको संयोजकत्वमा डट्स सहयोग समिति गठन गरिएको थियो ।

आजको वर्तमान अवस्थामा विगतका अग्रजहरुको मार्गनिर्देशनलाई पालना गरी संस्था अघि बढिरहेको छ । अग्रजहरुले बनाएका धरोहर हरुलाई नमासिने गरी ईटा थप्ने काम वर्तमान सदस्यहरुले पनि गरिरहेका छन् ।

संस्थालाई संस्थागत विकास गर्न विभिन्न क्रियाकलाहरु र योजनाहरु अगाडि सार्दै अघि बढिरहेको यस संस्थाले ४० वर्ष पार गरिसकेको छ । विगत चारदशकमा संस्थामा धेरै परिवर्तन आइसकेको मलाई महशुस हुन्छ । संस्थालाई मजबूत बनाउन साइतमा कोषबाट शुरु भएको अक्षयकोष बृद्धि भई आर्थिक रुपमा पनि सबल भएको देखिन्छ ।

क्षयरोग नियन्त्रण अभियानमा लागेका व्यक्तित्वहरुको योगदानलाई सम्मान गर्न "क्षयरोग नियन्त्रण अभियान पुरस्कार" स्थापना गरी नियमावली नै बनाई अघि बढिरहेको छ । त्यसै गरी क्षयरोग नियन्त्रणका गतिविधिहरुमा संलग्न विभिन्न सामाजिक कार्यकर्ता, पत्रकार, सामाजिक संघसंस्था

लगायतलाई संस्थाले सम्मान गर्ने गरेको छ । कार्यक्रमहरुको हकमा क्षयरोग नियन्त्रण वा न्यूनिकरणलाई आत्मसाथ गरी मूल लक्ष्य नै बनाई नयाँ योजनाका साथ नयाँ कार्यक्रमहरु पनि गरिरहेको छ । संस्थाको क्रियाशीलताका कारण अहिले विभिन्न कलेजबाट इन्टरनशीप गर्न संस्थामा आउने क्रम जारी छ ।

भक्तपुरमा नेपाल क्षयरोग निवारण संस्थाले छुटै पहिचान बनाउन सफल भएको छ । त्यतिमात्र होइन भक्तपुरमा क्षयरोगी विरामीको संख्या कम हुँदै गएको र निको हुने दरमा बृद्धि भएको तथ्याङ्कले देखाएको छ । क्षयरोगकै कारण मृत्यु भएको भने अहिले सम्म सुन्नमा आएको छैन ।

संस्थाले केही वर्षदेखि "क्षयरोग मुक्त जिल्ला" बनाउने अभियानै चलाएर अघि बढिरहेको छ । "लुकेर रहेका क्षयरोगी विरामी पत्ता लगाई उपाचारमा ल्याई निको पारौं" भन्ने नारा सहित राष्ट्रिय क्षयरोग केन्द्रबाट नियमित रुपमा कार्यक्रम हुँदै आइरहेको छ ।

भक्तपुरमा क्षयरोग नियन्त्रणका लागि नेपाल सरकार, गैरसरकारी संस्था, संघसंस्था, सहकारी संस्था एवं सामाजिक व्यक्तित्वहरुले संस्थालाई सहयोग गरिरहेका छन् ।

नेपाल क्षयरोग निवारण संस्था भक्तपुर विशुद्ध मानवीय जीवनसँग सम्बन्धित सामाजिक संस्था भएका कारणले क्षयरोग निवारणमा कार्य गर्दा पवित्र मन्दिरमा ईश्वरलाई पूजा गरेको जस्तो मनै आनन्द हुन्छ । भेदभाव रहित वातावरणमा रोगीहरुको सेवामा समर्पित हुन पाउँदा शान्तिको महशुस गर्न सकिने यो संस्था अझै निरन्तर क्रियाशील हुँदै मानवीय जीवनको सर्वोत्कृष्ट सेवाको कार्यमा सदैव लाग्न सकोस् भन्ने कामना गर्दछु ।

क्षयरोग के हो ?

क्षयरोग अर्थात टिबी एक व्यक्तिबाट हावाको माध्यमद्वारा स्वासप्रश्वास प्रक्रियाबाट अर्को व्यक्तिमा माइक्रो ब्याक्टोरियम ट्युबर क्लोसिस नामक सुक्ष्म किटाणु प्रवेशका कारणले लाग्ने रोग हो । यसलाई अंग्रेजीमा TB भनिन्छ । यो धेरै पुरानो रोग हो । विभिन्न नामले चिनिने यो रोग विश्वमै फैलिरहेको छ । ठाउँ अनुसार यसलाई सुकेनाश, खप्ते, सुकुटी, टपेटिक आदि नामले चिनिन्छ ।

आधुनिक युगमा क्षयरोगदेखि तर्सिनु पर्ने अवस्था छैन । क्षयरोग लागेका व्यक्तिले छ महिनासम्म नछुटाइकन नियमित रुपमा औषधी सेवन गरेमा पूर्णरुपमा निको हुन्छ । अहिले यो कुरा सबैलाई थाहा छ । पहिला पहिला मानिसहरु क्षयरोग अर्थात् टिबी भन्ने बितिकै आङ नै सिरिङ्ग पार्थे । केही वर्ष अघिसम्म क्षयरोगका कारण वर्षेनी हजारौं व्यक्तिको उपचार नपाएर अर्थात उपचार गर्न आर्थिक अभावका कारण मृत्यु हुने गर्थ्यो ।

नेपाल सरकारले राष्ट्रिय क्षयरोग निवारण केन्द्र स्थापना गरी देशभरनै राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रम ल्याएपछि क्षयरोगीहरुले नि:शुल्क उपचार र नि:शुल्क औषधी पाइरहेका छन् । भक्तपुर जिल्लामा विगत केही वर्षदेखि राष्ट्रिय क्षयरोग निवारण केन्द्र र नेपाल क्षयरोग निवारण संस्था भक्तपुरसँगको सहकार्यमा "लुकेर रहेका क्षयरोगी

विरामीको खोज पताल तथा उपचारको दायरामा ल्याउन" कार्यक्रम संचालन भइरहको छ । त्यसैले विगतको तुलनामा प्रत्येक वर्ष क्षयरोगी विरामी पत्ता लगाई उपचारको दायरामा ल्याई निको पार्ने कार्य भइरहेको हुँदा क्षयरोगी विरामीको संख्या कम हुँदै गइरहेको छ ।

नेपाल क्षयरोग निवारण संस्था भक्तपुरले वि.सं. २०५३ सालमा डट्स क्लिनिकलाई प्रभावकारी र सफल बनाउन संस्थाले धेरै मेहेनत गर्नु परेको थियो । संस्थाले विना पारिश्रमिक केही दशकसम्म डट्स क्लिनिकमा सेवा प्रदान गरेको थियो । त्यसैको फलस्वरुप भक्तपुरमा ८५ प्रतिशतसम्म क्षयरोगी विरामीहरु निको पार्न सफल भएको इतिहास छ । क्षयरोग नियन्त्रण अभियानमा भक्तपुरको क्षयरोग संस्था आजसम्म पनि क्रियाशील रहँदै आएको छ ।

क्षयरोग के हो ?

- क्षयरोग एक संक्रामक सरुवा रोग हो ।
- यो रोग माईकोब्याक्टेरियम् ट्यूवरक्लोसिस् (Mycrobatoriom Tuberclosis) भन्ने सुक्ष्म किटाणुका कारणबाट हुन्छ ।

क्षयरोग कसरी सर्छ ?

एक व्यक्तिबाट अर्को व्यक्तिमा स्वास प्रश्वासको माध्यमबाट क्षयरोग सर्दछ ।

क्षयरोगी विरामीले खोक्दा, हाच्छीउँ गर्दा यस रोगका किटाणु बाहिर हावामा निस्कन्छन् र अर्को निरोगी ब्यक्तिले स्वास लिँदा किटाणुहरु उसको शरिर भित्र पस्दछन् ।

क्षयरोग कति प्रकारको हुन्छ ?

मुख्यतया क्षयरोगलाई २ प्रकारमा विभाजन गरिएको छ ।

१. फोक्सोमा लाग्ने क्षयरोग

२. फोक्सो बाहेक अन्य अङ्गमा लाग्ने क्षयरोग (जस्तै: छालाको टिबी, हड्डीको टिबी, आन्द्राको टिबी, पेटको टिबी, आँखाको टिबी इत्यादि)

फोक्सोमा लाग्ने क्षयरोग सर्ने खालको हुन्छ भने फोक्सो बाहेक अन्य अङ्गमा लाग्ने क्षयरोग सरेको पाइँदैन । नेपालमा कुल क्षयरोगी मध्ये करिव ८० प्रतिशत फोक्सोमा लाग्ने क्षयरोगी रहेको देखिन्छ ।

क्षयरोगका मुख्य लक्षणहरु :

- लगातार खोकी लागिरहनु ।
- छाती दुख्नु ।
- साँझ पख ज्वरो आउनु ।
- खान मन नलाग्नु ।
- तौल घट्दै जानु ।
- खकारमा रगत देखा पर्नु ।

क्षयरोग पत्ता लगाउने विधिहरु :

क्षयरोग निम्न तरिकाबाट पत्ता लगाउन सकिन्छ ।

- **खकार परीक्षणबाट** ।
- एक्सरेबाट ।
- जिन्स एक्पर्टबाट

☞ खकारको कल्चर परीक्षणवाट ।
☞ बायोप्सी तथा एफ.एन.ए.सि. परीक्षणबाट ।

भक्तपुरको तथ्यांक अनुसार पछिल्लो समयमा भक्तपुर जिल्लामा ५ सय ७१ जना क्षयरोगीहरु उपचारमा रहेका छन् ।

☞ यी विरामी मध्ये ८० प्रतिशत विरामी नगर क्षेत्रमा रहेका छन् ।
☞ मध्यपुर थिमि नगरपालिकाभित्र ३७ प्रतिशत विरामी रहेका छन् ।
☞ भक्तपुर नगरपालिकाभित्र ४३ प्रतिशत विरामी रहेका छन् ।
☞ अरु ४ वटा नयाँ नगरपालिकाहरुमा २० प्रतिशत विरामी रहेका छन् ।
☞ यस जिल्लामा ९३ प्रतिशत विरामीलाई निको पार्न सफल भएको छ ।
☞ यस जिल्लाको विरामी पत्ता लगाउने दर ४७ प्रतिशत मात्र छ ।

क्षयरोग नियन्त्रणमा समस्याहरु :

■ उपचारको दायराभित्र नआउनु ।
■ बसाईसराई हुँदा स्थानान्तरण पूर्जी लिएर नजानु वा सम्बन्धित केन्द्रमा सम्पर्क नगर्नु ।
■ निजी क्षेत्रमा औषधी सेवन गरेका विरामीको यकिन तथ्याङ्क नहुनु ।
■ सरकारी वा गैरसरकारी अस्पतालहरुले उपचारमा रहेका विरामीको सम्बन्धित संस्था वा निकायमा जानकारी नगराउनु ।
■ क्षयरोगलाई अझै लुकाएर राख्नु, खुलेर कुरा नगर्नु ।

क्षयरोग नियन्त्रणका लागि अपनाउनु पर्ने कुराहरु :

■ क्षयरोगलाई कहिल्यै नलुकाउने र खुलेर कुरा गर्ने वातावरण बनाउने ।
■ क्षयरोगका विरामीलाई उपचारको दायराभित्र ल्याउने ।
■ क्षयरोगको औषधी सेवन गरिरहेका विरामीले बसाईसराई हुँदा स्थानान्तरण

पूर्जी लिएर मात्र जाने र सम्बन्धित केन्द्रमा सम्पर्क राख्ने ।

- क्षयरोगको औषधी सेवन गरिरहेका विरामीका परिवारहरुको अनिवार्य क्षयरोगको परीक्षण गराउने वा गराउन सल्लाह दिने ।
- समय समयमा क्षयरोग सम्बन्धी जानकारीमूलक गोष्ठीहरु गर्दै जाने ।
- निजी क्लिनिक वा अस्पतालहरुमा क्षयरोगको उपचारमा रहेका विरामीहरुको रेकर्ड राख्न अभिप्रेरित गराउने र जिल्ला जनस्वास्थ्य कार्यालय वा नेपाल क्षयरोग निवारण संस्थामा त्यसको नामावली पठाउनु पर्ने र सो व्यवस्था मिलाउने ।
- निजी अस्पताल, निजी क्लिनिकहरु र औषधी पसलहरुमा पनि डट्स क्लिनिकको व्यवस्था मिलाउनु पर्ने ।

हाम्रो जिम्मेवारी तथा दायित्वहरु :

- क्षयरोगका विरामीसँग सधैं सभ्य र राम्रो व्यवहार गर्ने ।
- क्षयरोगको औषधी नियमित सेवन गर्न अभिप्रेरित गर्ने ।
- क्षयरोगका विरामीलाई समयमै उपचारको दायराभित्र ल्याउन सहयोग गर्ने ।
- घर परिवार, छरछिमेक वा टोल बस्तीहरुमा क्षयरोगका बारेमा खुलेर कुरा गर्ने वातावरण बनाउने ।
- क्षयरोगको लक्षण शङ्का लागेमा नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा जान सल्लाह दिने ।
- सरसफाईमा ध्यान दिन प्रेरित गर्ने ।
- जनचेतनामूलक तथा प्रचार प्रसार अभियानमा सहभागिता जनाउने ।

क्षयरोग संस्था र ओत्सुका पुरस्कार

मानवको सृष्टिसँगै आएको मानिने क्षयरोगलाई न्यूनिकरण गर्न हरप्रयासबाट सन् १८८२ मार्च २४ मा जर्मनका वैज्ञानिक डा. रवर्ट कक्ले क्षयरोग माइक्रोव्याक्टोरियम् ट्यबरक्लोसिस् किटाणुका कारण लाग्छ भने कुरा पत्ता लगाइसकेपछि विश्वका मानवमा क्षयरोगबाट बच्ने आशा पलाएको थियो ।

विश्वमा नै भयावहको रुपमा लिएको क्षयरोगलाई न्यूनिकरण गर्न अन्तर्राष्ट्रियस्तरबाटै पहल भइरहेको अवस्था छ । अन्तर्राष्ट्रिय क्षयरोग न्यूनिकरणमा विभिन्न संस्थाहरु क्रियाशील रहेका छन् ।

मानवीय सभ्यतामा महामारी एवं भयानक क्षयरोगलाई निराकरण गर्ने उद्देश्यले नेपाल क्षयरोग निवारण संस्था वि.सं. २०१० श्रावण ४ गते तत्कालीन प्रधानमन्त्री मातृका प्रसाद कोइरालाको अध्यक्षतामा स्थापना भएको थियो । आजसम्म संस्था क्षयरोग नियन्त्रण अभियानमा लागि रह्यो । नेपालको विशुद्ध सामाजिक संस्था मध्ये क्षयरोग नियन्त्रणकै लागि स्थापना भएको संस्था क्षयरोग संस्था हो भन्दा दुईमत नहोला ।

नेपाल क्षयरोग निवारण संस्थाले आजसम्म उपचारात्मक, प्रतिकारात्मक र अभिमूखीकरणात्मक गतिविधिलाई निरन्तरता दिँदै आइरहेको छ । आफ्ना शाखा मार्फत विभिन्न जिल्लाहरुमा पनि क्षयरोग न्यूनिकरणका कार्यक्रमहरु गर्दै आइरहेको छ । नेपाल सरकारको राष्ट्रिय क्षयरोग

नियन्त्रण कार्यक्रमलाई सघाउ पुऱ्याउँदै आइरहेको छ । क्षयरोग नियन्त्रणको प्रभावकारी कदमका कारण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरु बीच सुमधुर सम्बन्ध गाँस्न सफल भएको छ । यसैबीच दक्षिण पूर्व सार्क क्षयरोग नियन्त्रण संगठनको अध्यक्षता नेपाल क्षयरोग निवारण संस्थाले ग्रहण गर्ने सौभाग्यता प्राप्त भएको थियो ।

नेपाल क्षयरोग निवारण संस्थाको मातहतमा ३४ जिल्ला शाखा क्रियाशील रहेका छन् । केन्द्रमा जेनेटपको सहयोगमा क्षयरोगी विरामीहरुको बेड सहित अस्पताल संचालनमा रहेको छ भने थुप्रै गतिविधिहरु पनि संचालित छन् ।

ओत्सुका पुरस्कार :

नेपाल क्षयरोग निवारण संस्था र जापान क्षयरोग निवारण संस्था (JATA)सँग भगनी सम्बन्ध रहेको छ । नेपालको क्षयरोग न्यूनिकरण र जापानको क्षयरोग न्यूनिकरण अभियानमा दुवै संस्था हातेमालो गरी अघि बढिरहेका छन् । जापान क्षयरोग निवारण संस्था र नेपाल क्षयरोग निवारण संस्थाको सम्बन्ध युगौं युगसम्म प्रगाढ बनाउन CHIBA Women's Association का तात्कालीन अध्यक्ष स्वयंसेवी श्रीमती मित्सु ओत्सुकाद्वारा आफ्ना स्वर्गिय पति केन्जी ओत्सुकाको सम्झनामा ओत्सुका पुरस्कारको स्थापना गरिएको थियो । श्रीमती मित्सु ओत्सुकाले पुरस्कार वापत पाँच लाख जापानी रुपैयाँ (यान) बराबरको अक्षयकोष नेपाल क्षयरोग निवारण संस्थालाई प्रदान गरेको थियो ।

नेपाल क्षयरोग निवारण संस्थाले यस पुरस्कारलाई व्यवस्थित गर्न ओत्सुका पुरस्कार नियमावली-२०६७ बनाई निरन्तर रुपमा क्षयरोग

नियन्त्रणमा क्रियाशील समाजसेवी, कर्मचारी, स्वयंसेवी, जिल्ला शाखा, विभिन्न सामाजिक संघसंस्थाहरु, पत्रकार एवं सञ्चारकर्मीहरुलाई प्रत्येक वर्ष आफ्नो केन्द्रीयसभामा प्रदान गर्दै आएको छ । उक्त पुरस्कारले क्षयरोग नियन्त्रण अभियानमा लागेका सम्पूर्ण स्वयंसेवी तथा सामाजिक कार्यकर्ताहरुलाई हौसला प्रदान गरेको छ ।

वि.सं. २०६१ सालदेखि प्रदान गरिएको उक्त ओत्सुका पुरस्कार टि.बी. बुलेटिन-२०७२ अनुसार हालसम्म १६ शाखा, २१ जना स्वयंसेवी, ५ सञ्चारकर्मी, २ संघसंस्था र २६ जना कर्मचारीहरुलाई प्रदान गरिसकेको छ । भक्तपुरमा ओत्सुका पुरस्कार नेपाल क्षयरोग निवारण संस्था भक्तपुर शाखा, संस्थाका कार्यालय सचिव हिरण्यप्रताप सांगामी, नेपाल स्काउट भक्तपुर शाखा, सञ्चार क्षेत्रका भक्तपुर एफ.एम. र जनसञ्चार एफ.एम. भक्तपुरले पाइसकेका छन् ।

क्षयरोग नियन्त्रण अभियानमा क्रियाशील संघसंस्था वा व्यक्तिलाई भविष्यमा पनि ओत्सुका पुरस्कार प्रदान गरी हौसला प्रदान गर्ने कार्यको निरन्तरताको कामना गर्दछु ।

रोग एक, जानकारी अनेक

पृष्ठभूमी :

टि.बी. जस्तो सरुवा रोगले जगडिएको अवस्था जसले गर्दा सुकेनाश, सिकुटी, जिर्ण भएर मानिसको मृत्युवरण गरिरहेको त्यतिवेलाको परिस्थिति । टि.बी. रोगको औषधोपचार गर्ने अस्पताल नरहेका वेला भयाबह रुपमा फैलिएको क्षयरोगलाई रोकथाम वा न्यूनीकरण गर्ने चुनौतिपूर्ण कार्यलाई आत्मसाथ गरी नेपाल क्षयरोग निवारण संस्था जिल्ला शाखा भक्तपुरको स्थापना भएको थियो ।

संस्था स्थापनाले भक्तपुरबासीहरुमा क्षयरोग न्यूनीकरण हुन गई स्वच्छ वातारणमा बाँच्ने आशा जगाएको थियो । समुदायको भावनालाई आत्मसाथ गर्दै भयावह रुपमा फैलिने क्षयरोगलाई न्यूनीकरण गर्न संस्थाले समुदायमा आधारित र विद्यालयमा आधारित औषधी उपचारदेखि प्रतिकारात्मक क्रियाकलापहरु अघि बढाएको थियो । आफ्नै भवन नहुँदाको पीडाहरु झेल्दै सानो ठाउँबाट आफ्नो क्रियाकलापहरु गर्दै पछि भवन निर्माण पश्चात आफ्नै भवनमा सम्पूर्ण सेवाहरु प्रदान गर्दै आइरहेको छ ।

क्षयरोग न्यूनिकरण अभियानको सिलसिलामा विभिन्न कार्यक्रमहरु गर्दै समुदायलाई क्षयरोगका बारेमा पोष्टर, पर्चा, स्टीकर, व्याच, स्मारिका, बुलेटिन मार्फत प्रचार प्रसार अभियान चलाउँदै, शैक्षिक जागरण ल्याउन पौढ शिक्षा कक्षा समेत संचालन गरेको थियो । विगतमा अग्रजहरुले

क्षयरोग नियन्त्रण अभियानका लागि आफ्नै भवनमा क्षयरोगको औषधी सेवन गराउने र उनीहरुलाई अभिमुखीकरण मार्फत सचेत गराउने, सेवा सुभ्फारु रुपमा गर्दै क्षयरोगी विरामीले औषधी नछुटाउन् भनी होम भिजिटर को व्यवस्था गरी घरदैलो कार्यक्रम संचालन गरेका थिए । संस्था स्थापनाकालदेखि नै विभिन्न चरणहरु पार गर्दै अहिलेको अवस्थामा पुग्न सफल भएको छ । बि.सं. २०६९ देखि २०७२ सम्मको कार्यकालमा भएका कार्यक्रमहरुको संक्षिप्त जानकारी यस प्रकार छ ।

१)　　संस्थागत विकास ः

२०६९ पुस १४ गते यचु पार्टी भेन्यु मध्यपुर थिमिमा भएको आठौं जिल्ला अधिवेशनबाट नयाँ कार्यसमितिको चयन भएपछि अधिवेशनमा गरिएका प्रतिवद्धतालाई पूरा गर्ने लक्ष्यतर्फ ध्यान केन्द्रीत रहेको थियो । निर्वाचनपछिको पहिलो कार्यसमितिको वैठकले चार वर्षीय योजनाका साथ अघि बढ्ने प्रतिवद्धता जाहेर गर्दै समितिका सदस्यहरुको कार्य विभाजन गरिएको थियो । प्रत्येक वैठकमा ठोस योजनासहित छलफल, बहस र सुझावका साथ कार्यक्रमहरुलाई निर्धारित समयमा सम्पन्न गर्ने प्रयास गरिएको थियो । संस्थालाई अझ मजबुद पार्न धनमान श्रेष्ठको संयोजकत्वमा ९ सदस्यीय सल्लाहकार समिति गठन गरी उहाँहरुबाट आएका सुझावहरु ग्रहण गर्दै विभिन्न उपसमितिहरु गठन, जुनियर नाटाको विस्तार गरी संस्थाको संगठनात्मक स्वरुपलाई मजबूद पारेका थियौं । क्षयरोग नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाउन भक्तपुर र मध्यपुर थिमिमा महिला स्वयंसेविका समूह गठन गरिएको थियो । संस्था विकासको लागि सदस्य संख्या बृद्धि गर्दै संस्थाका सदस्यहरुलाई प्रशिक्षण, तालिमहरु दिएर सक्षम बनाई एकआपसमा छलफल र सम्वाद मार्फत समस्याहरु

समाधान गर्दै संस्था अघि बढिरहेको थियो । उक्त चारवर्षे कार्यकाल सौहार्द्रपूर्ण वातावरणमा संस्थाको उद्देश्य अनुरुप अघि बढ्ने प्रयत्न गरिएको थियो । प्रत्येक विषयवस्तुहरुमा विश्लेषणात्मक तवरले छलफल पश्चात उचित निष्कर्ष सहित कार्यक्रमहरु संचालन हुने गर्थ्यो । आम जनतामा नेपाल क्षयरोग निवारण संस्था भक्तपुरको नाम अनि काम बारे पनि जानकारी गराउने प्रयास गरिएको थियो ।

२) क्रियाकलापहरु :

संस्थाले क्षयरोग नियन्त्रण अभियानको क्रियाकलापलाई फराकिलो बनाएको थियो । विगतमा समुदाय र विद्यालयहरुमा सीमित कार्यक्रमहरुलाई त्यसवेला विभिन्न वर्ग आदिवासी जनजाति, महिला, पिछडिएका समुदाय, अशक्त, अपाङ्ग, दृष्टिविहीन, सहकारी संस्था, एवं कलेज, अस्पताल, राजनीतिक दलहरु, जनप्रतिनिधि, वडा सचिव तथा स्वयंमसेविकासम्म कार्यक्रम विस्तार गरिएको थियो । उक्त समयमा भक्तपुर शाखाले भक्तपुर जिल्लामा मात्र नभई काभ्रे, सर्लाही लगायतका विभिन्न जिल्लाहरुमा गई क्षयरोग कार्यक्रम पुऱ्याइएको थियो । क्षयरोग नियन्त्रण अभियानलाई प्रभावकारी बनाउन अग्रज व्यक्तित्वहरुको सरसल्लाह र सदस्यहरुको सहयोगमा भक्तपुरमा क्षयरोग नियन्त्रण कार्यक्रम व्यापक बनाइएको थियो । संस्थाको उद्देश्य अनुसार कुनै पनि व्यक्ति क्षयरोगका कारण मृत्यु नहुने जिल्लाको रुपमा भक्तपुर जिल्लालाई पहिचान गराउने कार्यमा संस्था पूर्ण रुपले क्रियाशील भएको थियो ।

३) समुदायमा संस्थाको पहिचान :

नेपाल क्षयरोग निवारण संस्था भक्तपुर क्षयरोग नियन्त्रणकै लागि स्थापना भएकोले समुदाय आफ्नो पहिचान बनाउन सफल भएको छ ।

भक्तपुर जिल्लाका सबै समुदायहरुले नेपाल क्षयरोग निवारण संस्थाको परिचयदेखि क्षयरोगको बारेमा सचेतना एवं रोग नियन्त्रण र उपचार विधि राम्ररी जानकारी पाइसकेको अवस्था छ । त्यसै बेलादेखिसंस्थाका संस्थाका कार्यालय सचिव हिरण्यप्रताप सांगामीलाई "क्षयरोग दाइ" भनेर बोलाउने गरिन्थ्यो । अहिले पनि उहाँलाई कतै जाँदा क्षयरोग दाई आयो भन्ने मुखैमा भुण्डिएको हुन्छ । त्यस समयमा संस्थाले गरेको क्रियाकलापबाट संस्थाको पहिचान र क्रियाकलापहरु गाउँघर, शहर बजार, नगरहरुमा पनि प्रचार प्रसार व्यापक पाइसकेको थियो । संस्था क्षयरोग न्यूनिकरणका लागि काम गर्छ भन्ने भावना आम जनमानसमा जागृत भइसकेको छ ।

४) सहकार्यता :

समुदायमा क्षयरोग फैलिन नदिन, लुकेका क्षयरोगी विरामीहरु उपचारको दायरा भित्र ल्याई उपचार गरी निको पार्नको लागि विभिन्न समुदाय, संघसंस्था, सहकारी संस्था, स्थानीय निकायहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस संस्थाले भक्तपुरमा क्षयरोग नियन्त्रण अभियानलाई सफलताको शिखरमा पुऱ्याउन सहकार्यको अवधारणालाई आत्मसाथ गरी विभिन्न समुदाय, संघसंस्था, सहकारी संस्था, स्थानीय निकायहरुसँग सहकार्य गरी विभिन्न सृजनात्मक कार्यक्रमहरु गर्न सफल भएको छ । उक्त समयमा जिल्ला विकास समिति भक्तपुरको "क्षयरोग नियन्त्रण अभियान साझेदारी कार्यक्रम" अन्तर्गत सहकार्य गरी साझेदारी कार्यक्रमलाई अघि बढाइएको थियो । जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरको सहकार्यमा पनि विभिन्न कार्यक्रमहरु संचालन गरिएको थियो । त्यसैगरी मध्यपुर थिमि नगरपालिकाले पनि क्षयरोग नियन्त्रणमा जनचेतनामूलक

अभिमुखीकरण कार्यक्रमको शुरुवात गरेको थियो । "लुकेका क्षयरोगी विरामीहरु पत्ता लगाई, उपचार गरी निको पारौं" भन्ने नाराका साथ जापान नेपाल स्वास्थ्य तथा क्षयरोग अनुसन्धान संस्था (जन्त्र)को सहकार्यमा क्षयरोगी विरामीको खोजी गर्न खकार शिविर मार्फत क्षयरोगी विरामी पत्ता लगाउने कार्य भएको थियो । भक्तपुरको चारवटै नगरपालिकाहरुमा गरिएको नि:शुल्क खकार शिविरले नयाँ क्षयरोगी पत्ता लगाई उपचारमा ल्याउन पनि सफल भएको छ ।

५) भक्तपुरमा क्षयरोग न्यूनिकरणमा उपलब्धी ः

संस्थाले अबलम्बन गरेका दायित्व मध्ये क्षयरोग न्यूनिकरण नै हो । संस्थाले क्षयरोग न्यूनिकरण गर्न विभिन्न समयमा नि:शुल्क खकार शिविरहरु संचालन गरेर क्षयरोगी विरामी पत्ता लगाई उपचारको दायरामा ल्याई निको पार्नु पनि ठूलो उपलब्धी मान्नु पर्छ । संस्थाद्वारा संचालित नाटा डट्स क्लिनिकको डाटा अनुसार हेर्ने हो भने अहिले सम्म क्षयरोगी विरामी शत्प्रतिशत नै निको भएका छन् । नाटा डट्स क्लिनिकमा अहिलेसम्म एक जना विरामी पनि हराएको रेकर्ड छैन भने डिफल्डर केश पनि आएको छैन । जिल्ला जनस्वास्थ्य कार्यालयको तथ्यांकका आधारमा प्रत्येक वर्ष क्षयरोगी विरामी थपघट हुने क्रम जारी छ । त्यसको बाबजुद पनि विरामी निको हुने दरमा ९३ प्रतिशत कायम राख्न सफल भएको छ । क्षयरोगी विरामी पत्ता लगाउने दर ४३ प्रतिशत रहेको छ । यसलाई हामी क्षयरोग न्यूनिकरणमा उपलब्धी नै मान्नु पर्दछ । हामी सबैको प्रयासमा यसरी क्षयरोग नियन्त्रणमा उपलब्धी हासिल गर्न सफल भएका छौं ।

६) कार्य संचालनमा महत्वपूर्ण पक्ष ः

संस्थाको कार्यशैलीमा निखारता आउनु, नयाँ योजनाका साथ अघि

बढ्नु, सहकर्मी सहयात्रीहरुको निरन्तर साथ पाउनु र सरकारी एवं गैर सरकारी संस्थाहरुले क्षयरोग संस्थालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउनु, संस्थाप्रति सहयोगी भावना जागृत हुनुका साथै कार्यक्रम गर्न सहज वातावरण तयार हुनु नै कार्य संचालनमा महत्वपूर्ण पक्ष रहेको छ । निम्न कुराहरु उल्लेख गर्न चाहन्छु -

क) कार्यक्रमलाई छुट्टै किसिमबाट अगाडि लानु :

संस्थाले विगतको तुलनामा उक्त कार्यकालमा फरक किसिमले कार्यक्रम गर्न सकेको थियो । जस्तै भूकम्पबाट क्षति भएका विरामीहरुलाई राहत वितरण, थैली कार्यक्रम, मासिक मनोपरामर्श तथा नि:शुल्क स्वास्थ्य परीक्षण आदि ।

ख) संघसंस्था, सहकारी संस्था स्थानीय निकायहरुमा सहकार्यता :

यस संस्थाको मेरुदण्ड भनेको सहकार्यता हो । कुनै पनि कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न आर्थिक रुपमा सबल हुन जरुरी छ । त्यसकारण संस्थालाई आर्थिक अभावका कारण कार्यक्रम प्रभावित नहोस् भने उद्देश्यले सरकारी तथा गैर सरकारी संघसंस्था एवं सहकारी संस्थाहरुसँग सहकार्य गरी क्षयरोग नियन्त्रण सम्बन्धी कार्यक्रमहरु गर्न सफल भएका थियौं । राष्ट्रिय क्षयरोग कार्यक्रमलाई पूर्ण रुपमा सफल बनाउन सहकार्य गरेका संस्थाहरुमा जिल्ला विकास समिति भक्तपुर, जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुर, घरेलु तथा साना उद्योग कार्यालय भक्तपुर, महिला तथा बालबालिका कार्यालय भक्तपुर, जापान नेपाल स्वास्थ्य तथा क्षयरोग अनुसन्धान संस्था(जन्त्र), स्वास्थ्य तथा क्षयरोग अनुसन्धान सामाजिक विकास मञ्च (हर्ड), जिल्ला एड्स समन्वय समिति भक्तपुर, बासुदेव प्रसाद जोशी स्मृति प्रतिष्ठान भक्तपुर, नारी बचत तथा ऋण सहकारी

संस्था लि. भक्तपुर, बाराही बचत तथा ऋण सहकारी संस्था लि., सूर्यविनायक भक्तपुर, शुभकामना बचत तथा ऋण सहकारी संस्था लि., नासमना भक्तपुर, कल्याण बचत तथा ऋण सहकारी संस्था लि. दत्तात्रय, भक्तपुर, भाषासेवी माष्टर जगतसुन्दर बचत तथा ऋण सहकारी संस्था लि. खौमा भक्तपुर, शंखधर बचत तथा ऋण सहकारी संस्था लि. शंखधर चोक मध्यपुर थिमि, छहारी बचत तथा ऋण सहकारी संस्था लि., गाम्चा दधिकोट, न्हूगु झीगु बचत तथा ऋण सहकारी संस्था, तचपाल भक्तपुर , समानताको लागि आवाज भक्तपुर, भक्तपुर नेत्रहीन संघ भक्तपुर, भक्तपुर बहिरा संघ, श्री पद्म उच्च मा.वि., बागेश्वरी उच्च माध्यमिक विद्यालय, कन्या सहशिक्षा मा.वि., विद्यार्थी निकेतन उच्च मा.वि., मनकामना इङ्गलिस सेकेण्डरी स्कुल भक्तपुर, साहित्यानुरागी समाज, काठमाडौं, जनस्वास्थ्य तथा वातावरण संस्था, मध्य यातायात व्यवसायी संघ तथा ब्रम्हायणी पार्क सुधार समिति भक्तपुर, आस्था नेपाल भक्तपुर, प्रगतिशील महिला समूहलगायतका संघसंस्थाहरु रहेका थिए ।

ग) प्रचार प्रसारमा व्यापकता :

यस संस्थाले समुदायमा जनचेतना फैलाउन, जनतालाई सुसूचित गर्न जनचेतनामूलक र्‍याली एवं प्रभातफेरी कार्यक्रमहरु गर्दै आइरहेको थियो । समुदाय समुदायमा, विद्यार्थीवर्गमा, विभिन्न संघसंस्थाहरुमा क्षयरोग नियन्त्रण कार्यक्रम पुर्‍याउने उद्देश्यले विगतमा जनसञ्चार एफएम १०७.९ मेगाहर्जबाट प्रत्येक आइतबार बिहान ८ बजेदेखि ८:३० बजेसम्म क्षयरोगको जानकारी प्रसारण गर्दै आइरहेको थियो । त्यसैगरी भक्तपुर एफ.एम. १०४.५ मेगाहर्ज र नमस्ते च्यानलले पनि जिल्ला जनस्वास्थ्य कार्यालय, जन्त्रको सहकार्यमा क्षयरोग सम्बन्धी प्रचार प्रसार गर्दै आएको

थियो । संस्थाले ब्रोसर, बुलेटिन, स्मारिका, पर्चा, पम्प्लेट, व्याच, क्यालेण्डर प्रकाशन र क्षयरोग सम्बन्धी जानकारीमूलक डायरी प्रकाशन गरी समुदायलाई सचेत गराउन कार्य गर्दै आइरहेको थियो । भक्तपुरमा क्रियाशील छापा एवं विद्युतीय सञ्चार क्षेत्रले पनि क्षयरोग नियन्त्रण अभियानहरुमा साथ दिइरहेका थिए । सञ्चार माध्यमहरुले क्षयरोगको संस्थाको समाचारलाई प्राथमिकताका साथ संप्रेशण गरी जनताहरुलाई सचेत गराउदै आएका थिए । भक्तपुरबाट प्रकाशित हाम्रो समाज साप्ताहिक, बयान साप्ताहिक, समय समाज साप्ताहिक र थेम्मृङ मासिक पत्रिकाहरुले क्षयरोगको जानकारीमूलक सन्देश प्रकाशन गरेका थिए ।

घ) अक्षयकोषमा बृद्धि

संस्थालाई आर्थिक रुपमा सबल बनाउन शुरुदेखि नै प्रयास गरिएको थियो । त्यसवेलासम्ममा ६ लाख ७५ हजार रुपैयाँको कोषलाई बृद्धि गरी पुरस्कार कोष ४ लाख ४९ हजार ८ सय ९१ समेत बढोत्तरी गरी जम्मा ११ लाख २४ हजार ८ सय ९१ रुपैयाँ पुऱ्याउन सफल भएको थियो ।

ङ) पुरस्कारको स्थापना र पुरस्कार नियमावली

संस्थाले भक्तपुर जिल्लामा क्षयरोग नियन्त्रण अभियानमा विभिन्न क्षेत्रबाट योगदान पुऱ्याउने उद्देश्यले “क्षयरोग नियन्त्रण अभियान पुरस्कार” को स्थापना गरिएको थियो । मध्यपुर थिमि वडा नं. १२ निवासी श्री बाबुकाजी सा:छेँ श्रेष्ठ तथा श्रीमती प्रभाकेशरी श्रेष्ठ (न्हुछे)ले रू. ५० हजार १ सय ११ रुपैयाँ “क्षयरोग नियन्त्रण अभियान पुरस्कार” कोषमा रकम जम्मा गर्नु भएको थियो । उक्त समयमा तात्कालीन उद्योग मन्त्री महेश बस्नेतले रू. ५० हजार १ सय ११ रुपैयाँ थप गरी

जम्मा रू. १ लाख २ सय २२ रुपैया भएको थियो ।

च) क्षयरोग सम्बन्धी इन्टर्नसीपको शुरुवात :

संस्थाको गतिविधिलाई व्यापक र निरन्तरता दिइरहेको अवस्थामा विभिन्न कलेजहरुले भक्तपुरमा क्षयरोगको अवस्था र संस्थाको गतिविधि विषयक पहिलो पटक के. एण्ड के. कलेजले इन्टर्नसीपका लागि विद्यार्थीहरुलाई सहभागी गराएको थियो । विद्यार्थीहरुले भक्तपुरको क्षयरोगको अवस्था, समस्या, चुनौति र समाधानका विषयमा रुचिपूर्वक अध्ययन गरेका थिए । विद्यार्थीहरुले आगामी दिनहरुमा गर्नुपर्ने सुझाव समेत दिइएको थियो ।

छ) भवन मर्मत र सुधार :

बि.सं. २०७२ बैशाख १२, १३ र २९ गते गएको विनाशकारी भूकम्पले संस्थाको भवनको छानो भत्किएको थियो भने भित्ताहरु चर्केको थियो । त्यसैले छानोलाई मर्मत गर्न झिंगटी टायल खोजी गर्दा कतै नपाएपछि कार्यसमितिकै सहयोगमा छानोलाई भत्काई कौसीसम्म ट्रस निर्माण गरी जस्ता हाल्ने काम सम्पन्न गरी भवन मर्मत र सुधार गर्ने कार्य भएको थियो ।

ज) पूर्व सभापति र पूर्व कार्यसमिति सदस्यहरुलाई सम्मानको शुरुवात :

संस्थाले विगतमा पूर्व सभापति एक जनालाई मात्र सम्मान गर्दै आएकोमा कार्यसमिति सदस्यहरुको छलफलबाट संस्थालाई अगाडि बढाउन सभापतिको मात्र भूमिका नभई कार्यसमितिकै महत्वपूर्ण भूमिका हुने भएकोले अवदेखि पूर्व सभापतिलगायत कार्यसमितिका पदाधिकारी र कार्यसमिति सदस्यहरुलाई पनि सम्मान गर्नु पर्छ भन्ने पूर्व सभापतिलगायत

कार्यसमिति सदस्यहरुलाई सम्मान गर्ने कार्यक्रमको शुरुवात गरिएको थियो । उक्त कार्यक्रम अन्तर्गत संस्थाले पूर्व सभापति बालमुकुन्द बासुकलासम्मका कार्यसमिति सदस्यहरुलाई सम्मान गरेको थियो ।

झ) जिल्ला शाखा अवलोकन भ्रमणको शुरुवात :

संस्थाले एक जिल्ला शाखाबाट अर्को जिल्ला शाखाहरुको गतिविधिलाई एक आपसमा भाइचारा सम्बन्ध कायम राख्न, एक आपसमा गतिविधिहरु जानकारी लिन र नयाँ कुराहरु सिक्नु पर्ने आवश्यकता बोध गरी जिल्ला शाखा अवलोकन भ्रमण कार्यक्रमको पनि शुरुवात गरेको थियो ।

ञ) स्वर्णिम जीवन त्रैमासिक स्वास्थ्य पत्रिका प्रकाशन शुरु :

संस्थाले क्षयरोगलगायत विभिन्न रोगहरुको जनचेतना फैलाउने र आर्थिक रुपमा मजबुत हुने उद्देश्यले संस्थाका सचिव राम सिख्व:को सम्पादकत्वमा “स्वर्णिम जीवन” स्वास्थ्य त्रैमासिक पत्रिका प्रकाशनको थालनी गरेको थियो । विगतमा विभिन्न बुलेटिन, स्मारिका मार्फत क्षयरोग सम्बन्धी प्रचार प्रसार नभएको होइन तर पनि विधिवत् रुपमा दर्ता गरी भक्तपुर जिल्लामा स्वास्थ्य पत्रिकाको रुपमा विकास गर्ने उद्देश्यले सुरुवात भएको थियो ।

ट) अन्य जिल्लाहरुमा नि:शुल्क स्वास्थ्य शिविरको शुरुवात :

संस्थाले आफ्नो जिल्ला मात्र कार्यक्रम नगरी अन्य संस्थासँगको सहकार्यमा अन्य जिल्लामा पनि क्षयरोग नियन्त्रण कार्यक्रमलाई अगाडि बढाएको थियो । बासुदेव जोशी स्मृति प्रतिष्ठानको सहकार्यमा काभ्रेको दुर्गम स्थान मादन कुडारी गाविसमा नि:शुल्क स्वास्थ्य शिविर संचालन गरेको थियो भने काठमाडौंको विभिन्न स्थानमा पनि स्वास्थ्य शिविरमा सहभागिता जनाएको थियो ।

ठ) संस्थामा आधारभूत सरसामानको विस्तार :

संस्थाले आवश्यकता अनुसार सरसामानको व्यवस्थापन गरेको थियो । विगतमा स्वास्थ्य मन्त्रालयको सहयोगमा ल्यापटप कम्प्युटर, मल्टी मिडिया, क्यामरा, मुभी क्यामरा जस्ता सामानहरु खरिद गरी जनचेतना अभिबृद्धि गर्नमा सहयोग पुगेको थियो ।

७) क्षयरोगको समस्या र चुनौति :

भक्तपुरमा क्षयरोग न्यूनिकरणमा अझै पनि थुप्रै समस्या र चुनौतिहरु छन् । क्षयरोग न्यूनिकरणमा निरन्तरता दिइरहँदा पनि क्षयरोगका विरामीहरु बढ्नु, कलेजका विद्यार्थीहरुमा बढी क्षयरोग देखा पर्नु, DR TB का विरामी बढ्दै जानु र XDR TB विरामी हुनु मुख्य समस्याको रुपमा रहेको छ । त्यसलाई निराकरण गरी स्वस्थ व्यक्ति वा समाज निर्माण गर्नु नै मुख्य चुनौतिको रुपमा रहेको छ । अर्को पाटो भनेको भक्तपुरमा विभिन्न कामको सिलसिलामा आएका र विभिन्न ईटा भट्टा, गलैचा कारखाना, र कष्टकर काममा लागेका व्यक्तिहरुमा पनि क्षयरोग संक्रमित बढी मात्रामा भएको हुँदा थप समस्याको रुपमा अगाडि आएको देखिन्छ । बालबालिका र युवाहरुमा क्षयरोगको संक्रमण बढी मात्रामा पाइएकाले समस्या र चुनौति थपिदै गएको छ । यसको बारेमा यस संस्था र जिल्ला जनस्वास्थ्य कार्यालयलगायत सम्बन्धित संघसंस्थाहरुले छलफल र अन्तरक्रिया गर्नुपर्ने देखिन्छ । अरु थप समस्या र चुनौतिका बारे निम्नानुसार उल्लेख गरिएको छ ।

- सरुवा रोग सम्बन्धी स्वास्थ्य शिक्षाको कमी हुनु ।
- बसाईं सराईको क्रम बृद्धि हुदै जानु ।
- सामाजिक प्रतिष्ठाको कारणले क्षयरोगलाई अझै लुकाएर राख्नु ।

- युवाहरुमा मनोरञ्जन वा तनाव कम गर्ने बाहानामा मध्यपान र धुम्रपानको लतमा बृद्धि हुनु ।
- एचआईभी/एड्स र लागु पदार्थ दुर्व्यसनी नियन्त्रण हुन नसक्नु ।
- मधुमेह तथा अन्य संक्रमित रोगका विरामीहरु बृद्धि हुँदै जानु ।
- निजी तथा संस्थागत स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहित गर्न नसक्नु ।
- निजी स्वास्थ्य संस्थामा उपचारमा रहेका क्षयरोगी विरामीहरुको तथ्याङ्क नहुनु ।
- युवा वर्गमा स्लीम हुने भावनाको विकासले आवश्यक पोषिलो खानपिनमा कम गर्नु ।
- डट्स क्लिनिकहरुमा प्रभावकारी अनुगमनको निरन्तरता नहुनु ।

८ आर्थिक समस्या ः

संस्था संचालन गर्न आर्थिक रुपमा पनि समस्याहरु देखा परेका छन् । संस्थाको आर्थिक स्रोत भनेकै अक्षयकोष हो । अहिले वित्तीय संस्थाहरुमा संस्थाको नाउँमा खोलिएका खाताहरु सबै व्याज नआउने गरी चल्ती खातामा रुपान्तरण गरिएको छ । सहकारी संस्थाहरुले पनि व्याजदर घटाउँदै ल्याएको छ । पहिला सहकारी संस्थाहरुले ११ देखि १५ प्रतिशत व्याज दिने ठाउँमा अहिले ८ देखि १० प्रतिशत मात्र व्याज दिएको छ । संस्थाको कार्य संचालन खर्च चाँहि वर्षेनी बढिरहेको छ । त्यसकारणले पनि कार्यालय संचालन र कार्यक्रम गर्न समेत आर्थिक समस्या आएको देखिन्छ । अहिलेको अवस्थामा निरन्तर आउने आर्थिक स्रोतको खोजी नगरिकन कार्यक्रम संचालन गर्नमा समस्या हुन्छ । संस्थाको निरन्तरता लाई समेत चुनौति सृजना हुन सक्छ । त्यसै अक्षयकोषको बृद्धिमा जोड दिन जरुरी छ ।

९) थप उपलब्धीहरु :

- संगठित रुपमा कार्य संचालन ।
- सामुहिक छलफल र संस्थागत नेतृत्वको विकास ।
- क्षयरोग नियन्त्रणमा नयाँ गतिविधिहरु कार्यान्वयन ।
- राष्ट्रिय मापदण्ड पूरा गर्न क्रमैसँग सिढी चढ्नु ।
- कार्यक्रमलाई प्रभावकारी बनाउन सामुहिक भावनाको विकास ।
- सरकारी र गैरसरकारी संघसंस्थाहरु बीचको सम्बन्ध विकास हुनु ।
- समुदायमा संस्थाप्रतिको विश्वास दिलाउनु ।
- कर्मचारी र स्वयंसेविकाहरुलाई क्षयरोग नियन्त्रण बारे अभिप्रेरित गर्नु ।
- क्षयरोग सम्बन्धी समुदायमा व्यापक प्रचार प्रसार गर्नु ।
- क्षयरोग न्यूनिकरणमा सफलता हासिल गर्न सक्नु ।

१०) संस्थाबारे केही महत्वपूर्ण जानकारीहरु :

- वि.सं. २०३६ श्रावण १५ मा संस्था स्थापना ।
- वि.सं. २०३७ सालमा भक्तपुर अस्पतालमा संस्थाकै अगुवाईमा औषधी खुवाउने सेवा शुरु ।
- वि.सं..२०३९ मा दधिकोटमा वडा अध्यक्षहरु स्वयंसेवक राखेर कार्यक्रम संचालन ।
- वि.सं.. २०४० सालमा दधिकोट गा.वि.स.मा पाइलट प्रोजेक्ट शुरु ।
- वि.सं. २०४१ सालमा ४ जना होम भिजिटरको व्यवस्था ।
- वि.सं. २०४४ सालमा आफ्नै भवनबाट औषधी खुवाउन

शुरु ।

- विं.सं. २०५३ सालमा भक्तपुरमा पहिलो पटक डट्स कार्यक्रम लागू ।
- वि.सं. २०५३ सालमा डट्स क्लिनिक संचालन र भक्तपुर डट्स सहयोग समिति गठन ।
- वि.सं. २०६३ डट्स क्लिनिक प्लस सुरुवात ।
- वि.सं. २०६६ सालदेखि डट्स क्लिनिकलाई आजसम्म निरन्तरता ।
- वि.सं. २०७२ मा क्षयरोगी विरामीहरुको प्रत्येक महिना नि:शुल्क स्वास्थ्य परीक्षण शुरु ।
- राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रमलाई निरन्तर सघाउँदै आएको ।
- वि.सं. २०७३ मा राष्ट्रिय क्षयरोग केन्द्र भक्तपुरबाट नियमित "क्षयरोग नियन्त्रण कार्यक्रम"को शुरुवात ।

क्षयरोग न्यूनिकरणमा भक्तपुरको सफलता

क्षयरोग नियन्त्रणमा भक्तपुरले फड्को मारेको छ । विगत चार दशकदेखि नेपाल क्षयरोग निवारण संस्थाले क्षयरोग नियन्त्रण अभियानमा विभिन्न संघसंस्थासँगको सहकार्यमा उल्लेख्य कार्यहरु सम्पन्न गरिसकेको छ । समुदायमा समस्याको रुपमा रहेको क्षयरोगलाई निर्लमुलीकरण गर्ने अभियानको रुपमा विभिन्न समयमा जनचेतना अभिबृद्धिदेखि उपचारात्मक, प्रतिकारात्मक र प्रचारात्मक कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

विशेष रुपमा नेपाल सरकारले राष्ट्रिय नीतिको रुपमा संचालन गर्दै आएको डट्स कार्यक्रमलाई प्रभावकारी, परिणाममुखी र सफल बनाउने प्रयासमा जुटिरहेको नेपाल क्षयरोग निवारण संस्थाले विभिन्न संघसंस्था, स्थानीय निकाय, सहकारी संस्थाहरुसँगको सहकार्यमा क्षयरोग न्यूनिकरणमा क्रमश: सफलताको खुड्किलो चढिरहेको छ ।

विगत केही वर्षदेखि नेपाल क्षयरोग निवारण संस्था र राष्ट्रिय क्षयरोग केन्द्रको सहकार्यमा “लुकेर रहेका क्षयरोगी पत्ता लगाऔं, उपचार गरी निको पारौं” भने नाराका साथ कार्यक्रम संचालन गर्दै आएको छ ।

राष्ट्रिय क्षयरोग केन्द्र अन्तर्गत कार्यक्रममा संस्थाले विद्यालयस्तरीय कार्यक्रम विभिन्न विद्यालयहरुमा गरिएको थियो जसमा भक्तपुर जिल्लाका

डोलागिरी मावि, बोडे मावि, शारदा मावि, भुवनेश्वरी मावि र विद्यार्थी निकेतन माविमा विद्यार्थीहरुलाई अभिमुखीकरण गरिएको थियो । विद्यालयमा अभिमुखीकरण पश्चात विद्यार्थीहरुबाट परिवारमा गरिएको क्षयरोग पत्ता लगाउन खकार संकलनमा १ सय ८१ जना पुरुष र १ सय १७ जना महिला गरी २ सय ९८ रहेका थिए । यसरी विद्यार्थीहरुमा गरिएको खकार संकलनबाट शंकास्पद देखिएका व्यक्तिको आधारमा खकार परीक्षण गर्दा एक जनाको पोजेटिभ देखिएको थियो । यसरी विद्यालय र विद्यार्थीको सहयोगबाट लुकेर रहेका क्षयरोगी विरामी पत्ता लगाउन सजिलो भएको थियो ।

उक्त समयमा समुदाय स्तरमा लुकेर रहेका क्षयरोगी विरामीहरु खोज्ने कार्य गरिएको थियो । भक्तपुर जिल्लाको चार वटा नगरपालिकाभित्र धेरै स्थानहरुमा नि:शुल्क खकार शिविर आयोजना गरेको थियो । उक्त खकार शिविरमा बालबच्चादेखि बृद्धबृद्धासम्मका महिला पुरुषहरुले खकार जाँच गरेका थिए । क्षयरोग जुनसुकै उमेरका व्यक्तिलाई पनि हुन सक्ने भएकोले युवादेखि बृद्धसम्म सबैले आफ्नो खकार जाँच गर्नु पर्छ भन्ने सचेतना जगाउने प्रयास गरिएको थियो ।

उक्त समयमा समुदायमा संचालन गरिएको नि:शुल्क खकार शिविर मा ४ सय ३३ जना पुरुष र ४ सय ९२ जना महिलाहरु गरी ८ सय २५ जनामा स्क्रिनिङ्ग गरिएकोमा १ सय ६४ जना पुरुष र १ सय ९४ जना महिलाको खकार परीक्षण गरिएको थियो । जसमध्ये १ जनाको पोजेटिभ देखिएको थियो । भक्तपुरमा जिल्लामा खकार शिविरबाट २ जना क्षयरोगी विरामी पत्ता लागेको थियो ।

भक्तपुरको अहिलेसम्मको तथ्यांकलाई केलाएर हेर्दा वर्षैपिच्छे

क्षयरोगी विरामीको संख्या घट्दै गएको देखिन्छ । विगतको तथ्यांकलाई हेर्दा क्षयरोग निको हुने दर ९१ प्रतिशतदेखि ९३ प्रतिशतसम्म कायम रहेको देखिन्छ । अन्य जिल्लाको तुलनामा क्षयरोगबाट मृत्यु दर कमैमात्र रहेका पाइएको छ भने जीर्ण खालको क्षयरोग पनि तुलनात्मक रुपमा कम भएको तथ्याङ्कले देखाउछ ।

क्षयरोग नियन्त्रण अभियानका क्रियाकलापहरुमा पनि भक्तपुर जिल्ला अगाडि रहेको छ । क्षयरोग नियन्त्रण अभियानको सफलता हुनुमा विभिन्न निकाय, जनसमुदाय र विभिन्न संघसंस्था तथा सहकारी संस्थाहरुले धेरै सहयोग गरिरहेको देखिन्छ । क्षयरोग निवारण संस्था भक्तपुरका पदाधिकारी, सदस्य, कर्मचारी एवं सरोकारवाला सबैको साथ र सहयोगका कारण भक्तपुरमा क्षयरोग नियन्त्रणमा सहजता भएको कुरा क्षयरोग स्वयंसेविका राजेश्वरी शिल्पकारको धारणा छ । **भक्तपुर जिल्लामै राष्ट्रिय क्षयरोग केन्द्र रहेको हुनाले आफ्नै सन्तान सरहको व्यवहार र संरक्षकत्व ग्रहण गरी प्रत्येक वर्ष क्षयरोग नियन्त्रणका कार्यक्रमहरु गरेर सहयोग गरिरहेको छ ।**

नेपाल सरकारको क्षयरोग नियन्त्रण सम्बन्धी राष्ट्रिय नीतिलाई सफल बनाउन नाटा भक्तपुरले योजनाबद्ध रुपमा क्रियाशील भई साथ दिइरहेको अवस्था छ । क्षयरोग नियन्त्रणमा हामी सबै क्षेत्रबाट लागि रहँदा भक्तपुरलाई पहिलो क्षयरोग मुक्त जिल्ला घोषणा गराउने प्रयासमा रहेका छौं । यस लक्ष्यलाई पूरा गर्न सबै पक्षको सहयोगको अपेक्षा गर्दछु ।

आयो है कोरोना

हिजोसम्म चीनमा आएको थियो,
फेरि युरोपमा आयो,
त्यसपछि अमेरिकामा त झनै भयाबह भयो,
नेपालमा कान नसुनेझैं गऱ्यो,
मुख मौनब्रत बस्यो,
लकडाउन नाउँ मात्रैको बनाई दियो,
जनताले पनि टेरेकोनटेरै गऱ्यो ।
आखिर संक्रमित लाखौं नाघ्यो,
मृत्यु हजारौं पुग्यो,
हुँदा हुँदा प्रत्येक घरमा आइपुग्यो कोरोना,
घरको द्वारमा टक्टकाइरहेछ,
हामीसँग घुलमिल हुन ।
त्यसैले हामी सबै सजक बनौं,
विना औषधीले नै कोरोना भगाऔं,
हामी छुट्टिएर बसौं,
मुखमा सधैं मास्क लगाऔं,
सधैं साबुन पानीले हात धोऔं
अनि स्यानीटाईजर लगाऔं,
हुलमुल त पटक्कै नगरौं,
सबै घरमै बसी सधैंका लागि
कोरोना भाइरसलाई ढोका बन्द गरौं,
अनि मात्र हाम्रो जीत हुनेछ ।

मध्यपुर थिमि र कोरोना भाइरस

मध्यपुर थिमिको ऐतिहासिक पृष्ठभूमीलाई हेर्ने हो भने नितान्त नेवा: बाहुल्यता रहेको नेवा: बस्तीको रुपमा परिचित छ । यहाँको सभ्यता, रहनसहन, रितिरिवाज, कला, संस्कृतिलाई नियाल्ने हो भने किराँतकालदेखिको सभ्यता मौजुदा रहेका छन् । सभ्य र भव्य रुपमा व्यवस्थित शहरको रुपमा विकास भएको मध्यपुर थिमि नगरपालिकामा संस्कृति, कला, साहित्य, नयाँनयाँ विकासमा समेत अग्रपंतिमा रहेको छ । ऐतिहासिक मठमन्दिर, टिगनी च्यूरा, माटाका भाडा, तरकारी, मुकुन्डोलगायत पुरातात्विक रुपमा ऐतिहासिकता बोकेको मध्यपुर थिमि नगरपालिका एक पटक सबै स्वदेशी तथा विदेशीहरुले अवलोकन गर्नुपर्ने गन्तव्य मानिन्छ ।

चीनको बुआनमा उद्गम स्थल भएर विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड-१९ को प्रभावले अहिले नेपाल पनि आक्रान्त बनेको छ । नेपालमा पनि दिनप्रतिदिन कोरोना भाइरसको संक्रमितको संख्या बढ्दै गइरहेको छ । हालसम्म नेपालमा कोरोना संक्रमितको संख्या २ लाख पुगेको छ भने मृत्यु हुनेको संख्या ११ सय पुगेको छ र संक्रमितको संख्या अझै बढ्ने क्रममा छ ।

विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार सम्पूर्ण जनसमुदायलाई सुरक्षित रहन अपील गरेको छ । सोही अनुसार नेपाल सरकारले पनि मापदण्ड अनुसार नियम पालना गर्न गराउन बि.सं. २०७६ चैत्र ११

गतेदेखि नेपालमा लकडाउन गरेको थियो । त्यसवेला सुरुवात मात्र भएको वेला नेपाल सरकार लगायत विभिन्न संघसंस्थाहरुले पनि मानवीयताको नाताले नि:शुल्क खाना खुवाउनेदेखि राहत वितरण गर्ने, जचेतनात्मक कार्यक्रमहरु गर्ने काम गरिएको थियो । दोश्रो पटक लकडाउन गर्दा पनि विपन्न वर्गका लागि विभिन्न संघसंस्थाहरुले मानवीय सहयोगहरु गरेका छन् । मध्यपुर थिमिमा पनि लकडाउनको समयमा नगरपालिकाको समन्वयमा वडा नं. ४, ५ र ६ मिलेर एभरेष्ट पार्टी प्यालेसमा नि:शुल्क खानाको व्यवस्था गरिएको थियो भने ७ वडाले शुभश्री पार्टी प्यालेसमा र बोडे सिन्टीटारमा पनि नि:शुल्क खाना खुवाउने व्यवस्था गरिएको थियो ।

सुरुको लकडाउनको अवस्थामा मध्यपुर थिमिमा कुनै वडामा एक जनामा कोरोना भाइरस संक्रमित भेटिएमा पनि सुरक्षा निकाय, एम्बुलेन्स र स्थानीय जनप्रतिनिधिहरुको रोहबरमा लिएर अस्पताल पुर्‍याइने गरिन्थ्यो । त्यसो भएको हुनाले सबै नगरबासीहरु सर्तक अवस्थामा देखिन्थे । त्यो अवस्थामा मध्यपुर थिमिमा फाटफुट मात्र कोभिड-१९ संक्रमितहरु भेटिन्थ्यो र उपचारका लागि अस्पताल पुर्‍याइने गरिन्थ्यो ।

शुरुका दिनमा मध्यपुर थिमि नगरपालिकाले कोभिड-१९ बाट बच्नको लागि सचेतना कार्यक्रमलगायत राहत कार्यक्रम गरी नगर बासीहरुलाई सहयोग गरेका थिए । महामारीको अवस्थामा पनि नगर प्रमुख मदनसुन्दर श्रेष्ठ, उपप्रम्ख अन्जनादेवी मधिकर्मीलगायत वडाका वडाध्यक्षहरु नगरबासीहरुको घरघरमा गई जानकारी लिने र समस्या समाधान गर्ने कार्यमा जुट्नु भएको थियो । त्यसको बाबजूत पनि वडा नं. ६ का वडाध्यक्ष ईन्द्रबहादुर प्रजापति आफ्नो जिम्मेवारी बहन गर्दा गर्दै कोभिड-१९ बाट संक्रमित हुनुभयो । त्यस्तै अरु वडाध्यक्षलगायत कर्मचारीहरुलाई पनि संक्रमण देखियो ।

मध्यपुर थिमिमा नगरबासीहरुको सुविधालाई ध्यानमा राखी मध्यपुर थिमि नगरपालिकाको पहलमा नेपाल कोरिया मैत्री अस्पतालमा कोभिड-१९ परिक्षण गर्ने मेशिन जडान गरियो । सोही मेशिनमा संक्रमित र कन्ट्राक्ट ट्रेसिङ्गका व्यक्तिहरुको स्वाब संकलन गरी परीक्षण गरियो । त्यसबाट परिक्षणको लागि टाढा जानु नपर्ने र रिपोर्ट पनि कुर्नु नपर्ने व्यवस्थाले गर्दा नगरबासीहरुलाई सहज भएको थियो ।

कोरोना भाइरसका कारण मध्यपुर थिमि भित्रका सांस्कृतिक परम्पराहरु स्थगन गर्नु पऱ्यो । स्थानीय सरकार र जनताको सहयोगले ऐतिहासिक बिस्का: जात्रा:, सिथि नख:, गथामुग: चऱ्हे, गुँपुन्हि, यन्यापुन्हि र मोहनी (वडादशैं) जस्ता थुप्रै परम्पराहरुको स्थगन गर्नु पऱ्यो । व्यक्ति व्यक्ति बीचको भौतिक दुरी कायम गर्नु पर्ने भएकोले चाडपर्व, जात्रा, पूजा विधि आफ्नो घर परिवार मात्रै बसेर वा एकल रुपमा गर्नुपर्ने अवस्था विद्यमान छ । यसरी मध्यपुर थिमिबासीहरुले असहज परिस्थितिमा पनि सहज रुपमा आफ्ना जीवनयापनका क्रियाकलापहरु अगाडि बढाइरहेका छन् ।

कोरोना भाइरसका कारण मध्यपुर थिमिमा धेरै नै असर परेको छ । मध्यपुर थिमि मध्यम वर्गिय समुदायहरु रहने भएकाले विद्यार्थी, शिक्षक, उद्योग, व्यवसाय, टेलरिङ्ग, कलकारखाना, कृषि, मजदूर, डाक्टर, इन्जिनियरलगायत विभिन्न तह र तप्काका व्यवसायीहरुलाई ठूलो असर परेको छ । यसले गर्दा मध्यपुर थिमिमा आर्थिक रुपमा पनि गिरावट आएको छ भने दैनिक गुजारा चलाउनेहरुको लागि झनै कष्टकर बन्दै गएको छ ।

हाम्रो लापर्बाही वा सरकारको नीति फेल भएर हो चीनमा तिन महिनाको हाराहारीमा नियन्त्रणमा लिएको कोरोना भाइरस हामी कहाँ आठ महिनामा पनि नियन्त्रण गर्न सकिरहेको अवस्था छैन । यो अवस्था

कति महिना वा वर्षसम्म लम्बिने हो अन्यौलको अवस्था छ ।

यो पुस्तक तयार पार्दासम्मसम्मको तथ्यांक अनुसार मध्यपुर थिमिमा कोरोना भाइरसको संक्रमित व्यक्तिहरुमा महिलाहरु १ हजार ५ सय ४८ जना, पुरुषहरु १ हजार ९ सय २० जना, अन्य ३ जना गरी जम्मा ३ हजार ४ सय ६८ जना पुगिसकेका छन् भने ४० जनाले ज्यान गुमाइसकेका छन् । ती संक्रमितहरुमा अस्पतालमा १ जना, आइसोलेशनमा १० जना रहेको छ भने १ हजार ५ सय २९ जना महिला र १ हजार ८ सय ८८ जना पुरुष गरी जम्मा ३ हजार ४ सय १७ जना निको भइसकेको छ ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसका कारण लाग्ने कोभिड-१९ रोग तपाई हामी जो सुकैलाई पनि हुन सक्छ । यो सरुवा रोग भएकोले विश्व स्वास्थ्य संगठन र नेपाल सरकारले जारी गरेको स्वास्थ्य सुरक्षा, मापदण्डलाई हामीले अपनाउनु पर्छ । हामी सबैले मास्क सही सदुपयोग, व्यक्तिगत सरसफाई अनि व्यक्ति व्यक्ति बीचको शारिरीक दुरी कायम गर्दै तातो पेय पदार्थको सेवनलाई निरन्तरता दिनुपर्ने हुन्छ । सामान्यतया भाइरसहरु जाडो मौसममा बढी सक्रिय हुने भएकोले हामीले आफ्नो सुरक्षा प्रति आफै सचेत हुनु पर्ने अवस्था छ । यस्तो विक्षम परिस्थितिमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सर कारले पनि सरल अनि सहज रुपमा आम जनताको स्वास्थ्य उपचार एवं परीक्षणको दायरा बढाउनु पर्ने देखिन्छ । महामारीमा आफ्ना जनताको स्वस्थ रहन अनि बाच्न पाउने अधिकारका लागि तिनै तहका सरकारले आफ्नो दायित्वबाट पन्छिन मिल्दैन । गणतन्त्र नेपालका जनप्रतिनिधिहरु शासक जस्तो नभई सेवक बन्नु पर्छ । तसर्थ आम जनताले पनि आफ्नो कर्तव्य र दायित्व भुल्नु हुँदैन । अहिलेसम्म कोभिड-१९ रोगको निश्चित औक्षधी कुनैपनि मुलुकमा तयार भइसकेको छैन । केही विकसित देशहरुले औक्षधीहरु परीक्षण गरिरहेका छन् । त्यसैले हामी आफ्नो, परिवार अनि समाजको स्वास्थ्यप्रति आफै सचेत र सजग बन्न जरुरी छ ।

कोरोनाले रुवाउँदै छ

शुरुमा चीनमा आउँदा
धेरै टाढाको कुरा भन्थे
सबै देशहरु
कानमा तेल हालेर बसे
चिनले चिच्याई चिच्याई भन्न थाल्यो
विश्व सचेत हुनु
कोरोना भाइरस आइसक्यो ।
कसैले टेरेनन्
कोरोना त डुबुल्की मार्दै
अमेरिका, युरोप, अफ्रिका
रमाउँदै विश्व भ्रमण गऱ्यो
हिन्दमहासागर हुँदै भारत-नेपालसम्मको यात्रा गरिरहँदा
हामी सोच्दै थियौं
कोरोनालाई तराईको तापक्रमले ठहरै पार्ला
पहाडको चुचुराले छेकि देला
हिमाली हिमशिखरले हिउँ बनाई देला
आखिर कोरोनालाई त
केहीले पनि छेकेन

कोरोना त स्वतन्त्र रुपमा सफर गरी रह्यो
विश्व भ्रमणमा
हामीले न त औषधी नै बनाउन सक्यौं
न त कोरोनालाई नै भगाउन
मुख दर्शक भएर हेरी मात्र रह्यौं
आखिर हामीले के गर्न सक्थ्यौं र ?
हामी सबैले हात धुने बाहेक
बेग्ला बेग्लै बस्ने बाहेक
स्यानिटाइजर दल्ने बाहेक
तातो पानी पिउने बाहेक ।
तैपनि,
कोरोना विरुद्धको संघर्षमा
सबै लागि रह्यौं
स्वतन्त्रपूर्वक जीवन जिउने आसमा ।